नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎ ०९१-५२११०१ 🖷 ०९१-५२२४४६
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/

धनगढी,कैलाली

प.सं. ०७७।७८
च.नं.

मिति २०७७।०५।१७

## जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।

यस जिल्लामा कोभिड-१९ को संक्रमण दिन प्रतिदिन बढ्दै गईरहेको र हाल धेरै व्यक्तिहरु संक्रमित भएको र केहीको मृत्यु समेत भएको अवस्थामा निरन्तरको निषेधाज्ञाले यस जिल्लाका व्यक्तिहरुको जन-जीवन कष्टकर बन्दै गएको तथा दैनिक ज्यालादारीमा काम गरेर गुजारा गर्ने न्यून बर्गीय व्यक्तिहरुको जीवनयापनमा समेत कठिनाई भईरहेको परिप्रेच्छेमा जीवनयापनलाई समेत क्रमश: सहज गर्दै जाने र कोभिड-१९ को संक्रमण समेतलाई नियन्त्रण गरी जनताको जीवन रक्षाका लागि संक्रामक रोग ऐन, २०२० अनुसार थप उपायहरु अवलम्बन गर्नु बाञ्छनीय भएकोले मिति २०७७ भाद्र १९ गते मध्य राती १२.०० बजेदेखि मिति २०७७ भाद्र ३१ गते मध्य राती १२:०० वजेसम्म लागू हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ बमोजिम यस जिल्ला भरी तपसिल बमोजिमको कार्य नगर्ने, नगराउने गरी निषेधाज्ञा आदेश जारी गरिएको छ। यस आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने, गराउने कार्यमा अवरोध गर्ने जोसुकै उपर प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध गरिएको छ।

**देहाय**

१. तोकिएका मापदण्डको पालना गरेर जिल्लाभ्ररी जोर विजोर प्रणाली अनुसार सार्वजनिक तथा निजी सवारी साधन सञ्चालन गर्ने। सार्वजनिक सवारी साधनमा एक लाईनमा एक जना मात्र हुने गरी (५०% मात्र) यात्रु वोक्न पाउने।

२. सिटी रिक्सा र अटोको हकमा जोर, विजोर प्रणाली अनुसार यातायात मापदण्ड पालना गरी बढीमा २ जना यात्रु राखेर सञ्चालन गर्ने/गराउने।

३. खाद्यवस्तु, ईन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफुल, दुध, डेरी, हार्डवयर, कपडा पसल लगायतका पसल व्यवसाय सञ्चालकहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्बन गरी (ग्राहकहरुको २ मिटरको भौतिक दुरी कायम गर्ने, मास्क, स्यानिटाईजर वा साबुन पानीको प्रयोग गर्ने) तथा नेपाल सरकारबाट जारी भएको सुरक्षा मापदण्ड, जनस्वास्थ्य मापदण्ड, उद्योग व्यापार आपूर्ती सम्बन्धी मापदण्ड लगायत अन्य मापदण्डहरु समेतको पालना गरी अर्को सूचना नभएसम्मका लागि बिहान ५.०० बजेदेखि वेलुका ७.०० बजेसम्म मात्र पसल सञ्चालन गर्ने तर स्वास्थ्य सेवा तथा औषधी पसलहरु नियमित रुपमा सञ्चालन गर्न पाउने।

४. होटेल, रेष्टुरेण्टले अर्डर अनुसारका होम डेलिभरी तथा ग्राहक स्वयम् आएर प्याकिङ गरी लैजाने टेक अवे विधिलाई प्रयोग गरी सञ्चालन गर्ने। होटेलमा भेटघाट तथा जम्मा हुने गरी सेवा प्रदान गर्न नपाउने।

यज्ञराज बोहरा
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ०९१-५२११०१ ✉ ०९१-५२२४४६
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/

धनगढी,कैलाली

५. सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु, सिनेमा हल, पार्टी प्यालेस, फनपार्क, रंगशाला, फुटसल, खेलकुद स्थल, जिमखाना, फिटनेश सेन्टर, स्पा, स्वीमिङ पुल, ब्युटी पार्लर, सैलुन लगायतका सेवा तथा स्थलहरु हाललाई सञ्चालन नगर्ने/नगराउने।

६. ठेलागाडा वा साईकलमा सञ्चालन हुने फलफुल तरकारी वाहेक अन्य किसिमका व्यापार/व्यवसाय सञ्चालन नगर्ने।

७. दैनिक रुपमा गरिने नित्य पुजा-प्राथना बाहेकका धार्मिक तथा साँस्कृतिक कार्यहरु, मेला, चाडपर्व, जात्रा, हाट-बजार, महोत्सव, भेला तथा अन्य सामुहिक गतिविधिहरु गर्न, गराउन नपाउने।

८. सरकारी तथा सार्वजनिक कार्यालयहरुले आलोपालो गरी न्यूनतम संख्यामा कर्मचारी उपस्थित गराई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी गराई आ-आफ्नो कार्यालयको प्रकृति अनुसार कार्यालय सञ्चालन गर्ने र सो वाहेकका अन्य कर्मचारीलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने (Work from Home) व्यवस्था सम्वन्धित कार्यालय, प्रमुखले मिलाउने। तर जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, यातायात कार्यालय जस्ता अत्याधिक भिडभाड हुने कार्यालयले दैनिक प्रशासनीक कार्य वाहेकका अन्य सेवाहरु हाललाई मिति २०७७ भाद्र ३१ गतेसम्म स्थगित गर्ने।

९. बैंक तथा वित्तिय संस्था (सहकारी, वीमा समेत) हरु सञ्चालनको हकमा सामाजिक दुरी कायम गराई भिडभाड नहुने गरी विहान ११:०० वजे देखि दिउसो २:०० वजेसम्म सञ्चालन गर्ने/गराउने।

१०. उद्योगहरुले नेपाल सरकारबाट निर्धारित बाणिज्य तथा आपूर्ती क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड, जनस्वास्थ्य मापदण्ड, यातायात मापदण्ड लगायत अन्य मापदण्डहरु समेतको पालना हुने गरी उद्योग सञ्चालन गर्ने।

११. जिल्लाभरिको कुनै पनि स्थानमा राती ९.०० बजेदेखि बिहान ५.०० बजेसम्म हिड्डुल नगर्ने।

१२. यस केन्द्रको मिति २०७७।०५।०१ गतेको वैठकको निर्णय नं. १ वमोजिम गठन भएको जिल्ला स्तरीय संयुक्त अनुगमन टोलीलाई निरन्तरता दिने।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी/गराई कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदा झै निरन्तर सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय कैलाली सम्बन्धित सबैमा पुन: हार्दिक अनुरोध गर्दछ।

मिति २०७७।०५।१७

यज्ञराज बोहरा
प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

Scanned with CamScanner